# आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम वक्तव्य

श्रीमान यस सभाका सभापती तथा सोताङ गाउँपालिका अध्यक्ष श्री बीर बहादुर राईज्यू
जननिर्वाचित गाउँसभाका सम्पूर्ण पदाधिकारीज्यूहरु
सोताङ गाउँपालिकाका कार्यकारी अधिकृतज्यू
सोताङ गाउँपालिकाका सम्पुर्ण कर्मचारीज्यूहरु
विषयगत कार्यालयका प्रमुखज्युहरु वा प्रतिनिधिज्यूहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु,

सर्वप्रथमत, नेपालमा संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक संविधानबमोजिम भएको स्थानीय तहको निर्वाचन मार्फत आफ्नो मतको उपयोग गरी हामीलाई जनप्रतिनिधिको रुपमा यस सोताङ गाउँपालिकामा चयन गरी कार्य गर्ने सुवर्ण अवसर प्रदान गर्नु भएकोमा स्थानीयबासीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस अवसरमा विभिन्न आन्दोलनमा देश र जनताको लागि संघर्ष गर्दै जीवन वलिदान गर्ने ज्ञात अज्ञात सहिज्ञदहरु प्रति हार्दिक श्रादाञ्जली अर्पण गर्न चाहन्छु साथै राजनीतिक-सामाजिक परिवेशमा आफ्नो ज्यानको वाजी राखी संघर्ष गर्ने र नेतृत्व लिने सबै मान्यवर, अग्रज र आदरणीय व्यक्तित्वहरु प्रति आदारभाव सहित नमन प्रकट गर्न चाहन्छु।

स्थानीय तह निर्वाचन संगै पहिलो पटक स्थानीय तहको माग चाहाना र आवश्यकता वमोजिम आ.व. ०७४/७५ को नीति वजेट तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मैले ज्यादै गौरवको महसुस गरेको छु।

स्थानीय सरकारको रुपमा हामिले यस गाउँपालिकाको वस्ति र वडाका आवश्यकता तथा माग बमोजिम कृषि, पर्यटन, पुर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक, सांस्कृतिक लगायत सर्वाङिण विकास गर्न उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दै विकासको सम्भावनालाई उजागर गर्ने तर्फ केन्द्रित हुनेछौ। विकासका क्रियाकलापहरुमा यहाँहरु सबै स्थानीयवासी र जनप्रतिनिधिहरु वाट सहयोग, समन्वय, विश्वास, सद्भाव र सौहार्दपूर्ण वातावरण प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं।

**अध्यक्ष महोदय,**
अब म सोताङ गाउँपालिकाको आगामी सोच, लक्ष्य, र उद्देश्य प्रस्तुत गर्न अनुमति चाहन्छु।

**हाम्रो सोताङ गाउँपालिकाको सोचः** समुन्नत भौतिक सामाजिक पूर्वाधार सहित सास्कृतिक रुपमा मौलिक उत्कृष्ट पर्यटकिय गाउँपालिका वनाउने हाम्रो सोच रहेको छ। त्यसैगरी
**हाम्रो लक्ष्यः** आन्तरिक आयको वृद्धि गर्दै मानविय तथा भौतिक विकासका पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित हुनेछ।
**हाम्रो उद्देश्यः** आम जनतालाई विकासका लाभ उपयोग गर्न सक्षम बनाई जनताको जिवनस्तर माथि उठाउने रहेको छ।

**अध्यक्ष महोदय,**
हाम्रो गाउँपालिकामा विकासका संभाव्यता बोकेको प्राकृतिक सुन्दरता, जडिबुटि, जैविक विविधता भएकाले आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गरी आयआर्जन र रोजगारी बढाउन सकिने छ। पर्यटन प्रचार प्रसार मार्फत आन्तरिक र वाह्य पर्यटक भित्राई यस क्षेत्रमा विकासको मुल फुटाउन सकिनेछ।

यस गाउँपालिकालाई कृषि वाली नगदे बाली, जडिबुटी तथा फलफुल बाली विकास गर्ने र पर्यटन उद्योगलाई वढावा दिन सामाजिक सांस्कृतिक मौलिक कला संस्कृतिको एवं ऐतिहासिक पुरातात्विक सम्पदाको संरक्षण, सुधार र विकास गर्नुपर्नेछ । साथै, विद्यमान सोताङमा हरेक हप्ता लाग्ने हाटबजारलाई व्यवस्थित बनाई सोलुखुम्बु जिल्लाको पुर्वि भागको बजारको केन्द्रको रुपमा यस गाउँपालिको केन्द्रलाई बिकास गरी जनताको आम्दानीमा सुधार गर्ने साथै यस क्षेत्रमा पाईने विभिन्न किशिमका जडिबुटीहरुको बजार व्यवस्थालाई प्रोत्साहन गरी गाउँपालिकाको आम्दानीको मुख्य श्रोतको रुपमा बिकास गर्न पहल गर्नुपर्नेछ ।

**अध्यक्ष महोदय,**
अब म आगामी आ.व.२०७४/०७५ को लागि प्रस्तावित आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु ।
यस सोताङ गाउँपालिकाको आगामी आ.व. २०७४/०७५ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आय तर्फ जम्मा रु.१७ करोड ६ लाख ४२ हजार २ सय ६७ रुपैया विनियोजन गरेको छु। कूल विनियोजन मध्ये चालु तर्फ रु ३ करोड ३४ लाख, बिषयगत तर्फ ससर्त ५ करोड ४५ लाख ७१ हजार, विषयगत समानिकरण तर्फ कृषि र पशुको लागि एकमुष्ट ८९ लाख ७६ हजार ७ सय ५०, जगेडा कोषमा २५ लाख र पुँजिगत तर्फ ७ करोड ११ लाख ९४ हजार रहेको र ५ सय १७ रुपैया संचित कोषमै रहने व्यवस्था गरिएको छ ।

आगामी आ.व. २०७४/०७५ का लागि खर्च व्यहोर्ने श्रोत तर्फ आन्तरिक राजश्वबाट रु. १० लाख, नेपाल सरकार वित्तिय समानीकरण अनुदान तर्फ १० करोड ४१ लाख ८६ हजार, यस चालु आ.वको वचत १ करोड ८ लाख ८५ हजार २ सय ६७ , शसर्त अनुदान रु.५ करोड ४५ लाख ७१ हजार गरी जम्मा रु.१७ करोड, ६ लाख ४२ हजार २ सय ६७ रहेको छ ।

**अध्यक्ष महोदय, अब म क्षेत्रगत विकास तर्फको ब्यय प्रस्तुत गर्न चाहन्छु ।**
**आर्थिक विकासमा** कूल रु १ करोड २० लाख ८६ हजार , **सामाजिक विकासमा** १ करोड २३ लाख ६६ हजार, **पुर्वाधार विकासमा** २ करोड ४१ लाख ४हजार, **वातावरण तथा विपद् व्यवस्थापनमा ५०** लाख, ,**संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनमा** २ करोड ६६ लाख १४ हजार विनियोजन गरिएको छ ।

अन्तमा, यस आ.व. २०७४ ७५ को नीति, वजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने यस गाउँपालिकाका कार्यकारी अधिकृत लगायत अन्य सम्पुर्ण कर्मचारी, सरकारी कार्यालयका प्रमुख ज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु र सम्पूर्ण गाउँपालीकाबासी दाजु भाई तथा दिदि वहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दै यस गाउँसभामा पाल्नु हुने सम्पूर्ण अतिथि गणहरुलाई धन्यवाद दिदै गाउँवासीका चाहाना र आवश्यकताहरुलाई यस वर्षको नीति वजेट तथा कार्यक्रमले केहि हद् सम्म भएपनि समेट्ने छ भन्ने आशा र विश्वास राख्दै मेरो नीति, वजेट तथा कार्यक्रमको मन्तव्य अन्त्य गर्न चाहन्छु । धन्यवाद !

उपाध्यक्ष
लक्ष्मी कार्की
सोताङ गाउँपालीका
सोताङ, सोलुखुम्बु ।